# आ.व. २०८१/०८२

# नीति तथा कार्यक्रम

## आदर्श कोतवाल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

महेन्द्र आदर्श, बारा

मधेश प्रदेश, नेपाल

(मितिः- २०८१/०३/१०)

**श्रीमान् सभाध्यक्ष महोदय,**

ऐतिहासिक, संस्कृतिक एवम धार्मिक दृष्टिले महत्वपूर्ण क्षेत्रमा अवस्थित तथा विकास तथा प्रगतिको पथमा अग्रसर भइरहेको यस **आदर्श कोतवाल गाउँपालिकाको आ.व. २०८१/०८२** को लागि नीति तथा कार्यक्रम प्रस्तुतीकरण सभामा सहभागी भई दिनु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि, गाउँसभाका सदस्य, संचारकर्मी मित्रहरु, सुरक्षाकर्मी साथीहरु, यस कार्यालयका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु एवम उपस्थित सम्पुर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु । यस अवसरमा विभिन्न काल खण्डमा नेपालको सामाजिक परिवर्तन लोकतान्त्रिक गन्तन्त्र नेपालको स्थापना तथा मधेश प्रदेशका विभिन्न आन्दोलनमा आफ्नो अमुल्य जिवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय सरकारको रुपमा रहेको यो आदर्श कोतवाल गाउँपालिकाको गरिमामय **बाह्रौं गाउँसभामा आ.व. २०८१/०८२** को लागि नीति तथा कार्यक्रम आजको सभामा प्रस्तुत गर्ने सुअवसर पाएकोमा म धेरै खुशी छु ।

यस गाउँपालिकामा स्थानीय सरकारको रुपमा गाउँपालिका तथा गाउँपालिकाबासी जनताको सेवाका लागि नव निर्वाचित भई हामी जनप्रतिनिधी आएका छौ । अबको आगामी दिनहरुमा म आफ्ना निर्वाचित जनप्रतिनिधी तथा गाउँसभा सदस्य साथीहरु सँग सुमधुर सम्बन्ध राखी यस गाउँपालिकाको लागि चाहिएको विभिन्न ऐन, नियम, कार्यविधीहरु पारित गरी सोही ऐन, नियम, कार्यविधीलाई अधार मानी विषयगत शाखाहरु द्वारा संचालन हुने कार्यक्रमको साथै विकास निर्माणका कामहरु प्रभावकारी ढंगबाट संचालन गर्दै अबको यात्रा अगाडी बढाउनेछु । जसमा हामी सामु थुप्रै अवसर र साथ साथै चुनौतीहरुको सामना गर्नुपर्ने हुन्छ । लाखौ चुनौतीको वावजुद म आफ्ना निर्वाचित जनप्रतिनिधीहरुको हातमा हात तथा काँधमा काँध मिलाई स्थानीय सरकारले गर्नुपर्ने सम्पुर्ण काम तथा जिम्मेवारीलाई पुरा गर्नका लागि आज यो बेलैमा यहाँहरु समक्ष आगामी आ.व.को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**"आदर्श कोतवाल गाउँपालिकाको सान, समृद्ध पालिका सुखी जनता हाम्रो अभियान; बेरोजगारलाई आय, समतामुलक न्याय, अर्थपूर्ण आवद्धता आदर्श कोतवालको प्रतिवद्धता"** भन्ने सुन्दर नाराका साथ अगाडी बढ्ने अभिप्राय लिएको यस गाउँपालिका विकासको दृष्टिकोंणले मध्यम अस्तरको भएता पनि सम्भावनाको हिसाबले प्रचुर रहेको छ ।

उपस्थित महानुभावहरु, अब म यस गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

# १. आर्थिक विकास तर्फका नीति तथा कार्यक्रमहरुः-

## १.१ कृषि तथा पशु विकास तर्फः-

- कृषकहरुलाई सिँचाईको लागि आ.व. २०८१/०८२ मा कृषि मिटरको बिल रकम निःशुल्क गरी गाउँपालिकाबाट तिरने व्यवस्था मिलाईनेछ । साथै यसको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- गाउँपालिका भरी कृषक समूह गठन गरी सिँचाईको लागि निःशुल्क बोरिङ्ग जडान गरिनेछ ।
- कृषि तथा पशु सेवा केन्द्रको नयाँ निर्मित भवन निर्माण पश्चात प्रयोगशाला सहितको गुणस्तरीय सेवा प्रदान गरिनेछ ।
- कृषिको लागि पोल-तार जडान गरिनेछ ।
- कृषक समुह तथा सहकारी गठन, परिचालन तथा क्षमता विकास अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- कृषिको लागि नदी नियन्त्रण गर्न बाँध बाधी कृषकहरुलाई सिँचाईको लागि पानीको सुविधा मिलाइनेछ ।
- कृषकहरुको आर्थिक क्षति न्यूनीकरणको लागि यस गाउँपालिका अन्तर्गत बाह्रै महिना कृषि प्राविधिक परिचालन गर्नुको साथै समय-समयमा बाली संरक्षण शिविर संचालन गरिनेछ तथा आवश्यकता अनुसार कृषि तथा पशु प्राविधिक र चिकित्सकको व्यवस्था गरिनेछ ।
- किसान सुचिकरण तथा कृषि तथ्याङ्क संकलन निरन्तरताको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- कृषकहरुलाई मिनिकीट वितरण गरिनेछ ।
- किसानहरुलाई कृषि समाग्री तथा बीउ बिजन वितरणमा रकम विनियोजन गरिनेछ ।
- माटोको उर्वराशक्ति बचाउन तथा बातावरण संरक्षण गर्न माटो जाच/परिक्षण शिविर संचालन गरि माटो सुधारको लागि कृषि चुनको व्यवस्था मिलाईनेछ ।
- आकस्मिक बाली संरक्षणका लागि पलान्ट क्लिनिकको व्यवस्था गरिनेछ ।
- यस गा.पा. अन्तर्गत रहेका कृषकहरुको लागि कृषि बिमा तथा पशु विमा कार्यक्रम सञ्चालन गर्न उच्च प्राथमिकताको साथ आवश्यक व्यवस्था मिलाइनेछ ।
- महिला कृषि उधमशिलता विकासको लागि महिला कृषकको सहभागीतामा अभिमुखीकरण गर्दै कृषि सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ ।
- कृषि उपजमा किटनाशक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै आर्गेनिक उत्पादनमा जोड दिइनेछ । साथै प्राङ्गारिक मलका लागि धैचाको बीउ वितरण गरिनेछ ।
- **स्वस्थ्य पशु पालन हाम्रो प्रतिबद्धता**को मान्यता अनुरुप पशु सेवा तथा उपचारको लागि औषधी खरिद अन्तर्गत रकम विनियोजन गरिनेछ ।

- मासु, अण्डा तथा दुग्ध जन्य उत्पादनमा आत्मनिर्भरताका लागि पशु आहार कार्यक्रम अन्तर्गत हिउँदे घाँस र वर्षे घाँसको बीउ वितरण कार्यक्रम अन्तर्गत बजेट विनियोजन गरिनेछ ।
- पशु स्वास्थ्य शिविर संचालनको लागि बजेटको व्यवस्था गरिनेछ ।
- विरामी पशुहरुलाई उपचार र कृत्रिम गर्भधारण गर्ने ट्रेबिज निर्माणको लागि रकम विनियोजन गरिनेछ ।
- हरेक वडामा दुग्ध उत्पादन दरमा बृद्धि गर्न कृषकलाई प्रोत्साहन स्वरुप Feed Supplement (Mineral Powder, दाना, आदि) वितरण गरिनेछ ।
- कृषक समूहहरुलाई कृषि तथा पशुपालन सम्बन्धी तालिम संचालन गरिनेछ ।
- पशु प्रयोगशालाको समाग्रीहरु तथा रसायणहरु खरिदको लागि बजेट विनियोजन गरिनेछ ।
- कृषक समूहहरुलाई अनुदानको व्यवस्था मिलाइनेछ ।
- पशुपंक्षीहरुलाई कुकुरले टोक्दा रेबिज रोग लाग्नबाट बचाउन रेबिज खोपको निःशुल्क व्यवस्था मिलाइनेछ ।
- पशुहरुलाई कृत्रिम गर्भधानद्वारा नशल सुधारमा जोड दिईनेछ ।
- पशुपंक्षी सम्बन्धी रोग नियन्त्रणको लागि यस गाउँपालिका भित्रका सम्पूर्ण टोलहरुमा निःशुल्क खोप सेवा कार्यक्रम संचालनको लागि खोप खरिद गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- कम्तिमा वर्षको दुई पटक हरेक वडामा शिविर जस्तै परजिवी नियन्त्रणको लागि पशुहरुको गोबर जाँच गरी निःशुल्क जुकाको औषधी वितरण गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- माछापालन गर्ने कृषकहरुको लागि ७५ प्रतिशत अनुदानमा कृषि चुन वितरण गर्न बजेटको व्यवस्था मिलाइनेछ ।

## १.२ उधोग तथा वाणिज्य तर्फः-

- यस गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने उद्योग व्यवसायहरुको दर्ता तथा नियमन गर्नका लागी रणनिती तयार गरी कार्यान्वयन गरिनेछ ।
- युवा स्वरोजगार अभियानलाई सार्थक बनाउनका लागि उद्यमशिलता विकासमा जोड दिइनेछ।
- यस गाउँपालिका भित्र रहेको बजारलाई व्यवस्थित गर्न सस्तो, सुलभ र सुपथ बजारीकरणको आवधारणा व्यवस्थापन गर्नको लागि नियमित सुपरिवेक्षण र अनुगमन सयंन्त्र स्थापना तथा सञ्चालन गरिनेछ ।
- गाउँपालिका स्तरीय एक औद्योगिकग्राम स्थापनाका लागि आवश्यक पूर्वाधार निर्माणको लागि पहल गरिनेछ ।

### १.३ पर्यटन तर्फः-

- पालिका भित्र रहेका सम्पूर्ण मठ-मन्दिरहरुमा समिति गठन गरी त्यसको संरक्षण गरिनेछ ।
- पर्यटन प्रवर्द्धनको लागि गाउँपालिका भित्रका प्रमुख पर्यटकिय स्थलहरुको खोजी गरी पुर्वाधारको विकास गर्न पहल गरिनेछ ।
- यस आदर्श कोतवाल गाउँपालिका भित्र रहेका सबै मठ मन्दिर तथा मस्जिदहरुको अभिलेख गरी भौतिक तथा संरचनागत सुधारको कार्यक्रम सञ्चालन गरिनेछ ।
- यस आदर्श कोतवाल गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको विकास गर्न सम्भावना भएका क्षेत्र पहिचान गरी बालमैत्री उद्यान (पार्क) निर्माणको अध्ययन गरी कार्यको थालनी गरिनेछ ।
- गाउँपालिका स्तरीय **एक पिकनिक स्पट** निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

### १.४ सहकारी, गरिबी न्यूनीकरण तथा उधमशिलता विकास तर्फः-

- गाउँपालिका भित्रका सम्पूर्ण सहकारी संस्थाहरुलाई **COPOMIS** सिस्टममा आवद्ध गराईनेछ ।
- गरिबीको रेखा मुनि रहेका स्थानीयहरुको पहिचान गरी नेपाल सरकार, प्रदेश सरकार, सहकारी संस्था, गैर सरकारी संघ-संस्थाहरुको समन्वय र लागत साझेदारीमा विभिन्न आयमूलक तथा सीपमूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको आर्थिक एवम सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ ।
- यस गाउँपालिकाको प्रत्येक वडामा **सुरक्षित आप्रवासन परियोजना (SaMi-III)** लागु गरी वैदेशिक रोजगारलाई सुरक्षित र भरपर्दो बनाईनेछ ।
- सहकारीद्वारा संचालित उधोग तथा व्यवसायलाई प्रोत्साहन तथा प्रवद्धन गरिनेछ ।
- कृषि तथा पशु क्षेत्रसँग सम्बन्धित सहकारीलाई प्रोत्साहन तथा हरेक प्रकारको सहयोग गरिनेछ ।

## २. <u>सामाजिक विकास तर्फका नीति तथा कार्यक्रमहरु</u>:-

### २.१ शिक्षा तर्फः-

- प्रत्येक सामुदायिक विद्यालयहरुमा कार्यालयको व्यवस्था मिलाईनेछ ।
- विद्यालयहरुमा आवश्यक स्वयंसेवक शिक्षकको व्यवस्था मिलाईनेछ ।
- पालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुलाई **EMIS** सम्बन्धी तालिमको व्यवस्थापन गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेको विद्यालयहरु मध्ये ३ वटा विद्यालयलाई स्रोत सम्पन्न रुपमा माध्यमिक विद्यालयको रुपमा विकास गरी संचालन गरिनेछ र त्यस्तो विद्यालयको आधारभूत तहसम्म अंग्रेजी माध्यमको पठनपाठनको सुरुवात गरिनेछ ।

- सरकारी सेवामा पहुच बढाउन तथा बढदो युवा बेरोजगारीको समस्या हल गर्न **लोकसेवा तयारी कक्षा तथा शिक्षक सेवा तयारी कक्षा** संचालनलाई निरन्तरता दिईनेछ ।
- विद्यालयका अन्य कर्मचारी र बालबिकास शिक्षिकालाई गाउँपालिकाबाट प्रदान गर्दै आएको थप अनुदानमा प्रोत्साहन स्वरुप १५ प्रतिशत बढोत्तरी गरिनेछ ।
- आ.व. २०८१/०८२ भित्र राष्ट्रिय अभियान अन्तर्गत यस गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गरिनेछ ।
- बढदो विद्यार्थीको चापलाई मध्यनजर गर्दै शिक्षक विद्यार्थी अनुपातका आधारमा आवश्यक स्वयमसेवक शिक्षकको व्यवस्था गरिनेछ ।
- आदर्श कोतवाल गाउँपालिकाको सामाजिक रहनसहन, जिविकोपार्जन र साँस्कृतिक महत्वको संरक्षण र सम्बर्द्धन गर्ने हेतुले आदर्श कोतवाल गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण गरि लागु गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत कम्तिमा एक गाउँपालिका स्तरीय सुविधा सम्पन्न सार्वजनिक पुस्तकालयको व्यवस्था गरी शैक्षिक स्तरोन्तीको व्यवस्था मिलाईनेछ ।
- गुणस्तरिय, स्वच्छ प्रतिस्पर्धात्मक अध्ययन अध्यापन प्रणालीलाई प्रवर्द्धन गर्न प्राथमिक्ता दिदै गाउँपालिका अन्तर्गतको सम्पूर्ण विद्यालयको भौतिक तथा संस्थागत सुधार गरिनेछ ।
- शैक्षिक सुधार प्रयोजनार्थ आफ्नो विषयमा अब्बल नतिजा ल्याउने तथा उत्कृष्ट शिक्षक शिक्षिका छनौट गरी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिनेछ । साथै एस.ई.ई. पछि बृजकोर्ष संचालनमा ल्याइनेछ ।
- यस गाउँपालिका अन्तर्गतको विद्यालयहरुको जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षाको लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गतको शिक्षक शिक्षिकाहरुको शिक्षण क्षमता वृद्धि गर्न शिपमूलक तथा प्राविधिक शैक्षिक तालिमको व्यवस्था गरिनेछ ।
- प्रारम्भिक बालबिकाश शिक्षक (सहयोगी कार्यकर्ता) हरुको लागि ५ दिने सामाग्री विकास तथा प्रयोग सम्बन्धी तालिम कार्यशालाको व्यवस्था मिलाइनेछ ।
- आधारभूत तथा माध्यमिक तहका प्रधानाध्यापकहरुको लागि ५ दिने कष्टमाइज्ड शिक्षक तालिम संचालन गराइनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका संस्थागत र मदरसा विद्यालयहरुको गुणस्तरिय शिक्षाको लागि विद्यालय निरन्तर अनुगमन गरी सो आधारमा पुरस्कार/दण्डको नीति अवलम्बन गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गतको विद्यालयहरुमा गुणस्तरीय र प्रभावकारी शिक्षाको निमित्त अङ्ग्रेजी भाषामा अध्ययन, अध्यापन गराउनको लागि **EMC Class** सञ्चालनमा लयाईनेछ ।
- गाउँपालिका शिक्षा ऐन, नियम र योजनाको तर्जुमा गरी कार्यीविधि र मापदण्ड समेत निर्धारण गरी अघि बढिनेछ ।
- शैक्षिक पठनपाठन सुधारको लागि **शैक्षिक क्यालेन्डर**को निर्माण गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गतको विद्यालयहरुमा स्वच्छ खानेपानी तथा आधुनिक र लैङ्गिक तथा अपाङ्गमैत्री शौचालयको व्यवस्था गरिनेछ ।

- शिक्षण सिकाई पेशालाई प्रभावकारी र मर्यादित बनाउन प्रत्येक विद्यालयका सम्पूर्ण शिक्षकहरुको लागि पाठयोजना पुस्तकको व्यवस्था मिलाईनेछ ।
- यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा अध्ययनरत तथा EMIS प्रणालीमा आवद्ध सम्पूर्ण विद्यार्थीहरुलाई अनुशासित, मर्यादित बनाउनको लागि ID Card को व्यवस्था मिलाईनेछ ।
- विद्यालय स्तरीय लोकसंस्कृति झल्काउने खालको वार्षिक कार्यक्रम संचालनमा ल्याइ निरन्तरता दिइनेछ ।
- कार्यालय प्रयोजनका लागि बाँकी रहेका विद्यालयमा एक सेट कम्प्युटर, प्रिन्टर तथा इन्टरनेटको समेत व्यवस्था गरी सो सम्बन्धमा आवश्यक तालिम प्रदान गरिनेछ ।
- विद्यालय हराभरा राख्न प्रत्येक विद्यालयमा गार्डेनिङ्ग गरिनेछ ।
- स्थानीय गाउँ शिक्षा योजना निर्माण गरि कार्यन्वयन गरिनेछ ।
- विद्यालयमा रहेका बालबिकास केन्द्रहरुलाई बालमैत्री वातावरण निर्माण गर्ने हेतुले सोको लागि आवश्यक व्यवस्था मिलाइनेछ । साथै पालिका भित्र प्रत्येक वर्ष १ वटा बालबिकास केन्द्र छनौट गरी बालबिकास कक्षाकोठामा बालबालिकाको लागि खेल समाग्रीको व्यवस्थापन गरिनेछ ।

## २.२ स्वास्थ्य तर्फः-

- पालिका भित्रका स्वास्थ्य संस्थामा प्रसुती भएका महिलाहरुलाई पौष्टिक आहार किट वितरण गरिनेछ ।
- गाउँपालिका स्तरीय १५ शैयाको आधारभूत अस्पताल निर्माण पश्चात पूर्ण संचालनमा ल्याई गुणस्तरीय सेवा प्रदान गरिनेछ ।
- ५ वर्ष मुनिका कुपोषित बालबालिकाहरुको लागि प्रत्येक वडाका स्वास्थ्य संस्थामा OTC सेन्टरको व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्यको सेवालाई प्रभावकारी बनाउन तथा निकट भविष्यमा हुन सक्ने माहामारी संक्रमणजन्य रोगलाई नियन्त्रण, व्यवस्थापन गर्न साथै निरन्तर अनुगमन व्यवस्थालाई प्रभावकारी बनाई सेवा प्रदान गर्ने MBBS को व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा संचालित रहेका ल्याब सेवालाई पूर्ण व्यवस्थित गर्दै लगिनेछ र यसको लागि सम्बन्धित चिकित्सकको व्यवस्था गरिनेछ ।
- बी.पी. नेत्र प्रतिष्ठान भवनको निर्माण सम्पन्न गरी संचालनमा ल्याईनेछ ।
- निःशुल्क औषधी वितरण कार्यलाई नियमित र पारदर्शी बनाइनेछ ।
- निःशुल्क स्वास्थ्य शिविर संचालनको व्यवस्था गरिनेछ ।
- गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ ।
- गाउँपालिका भित्रका स्वास्थ्य चौकीहरुमा एम्बुलेन्सको व्यवस्था गरिनेछ साथै गाउँवासीका लागि २४ औं घण्टा एम्बुलेन्स सेवा प्रदान गर्ने सुनिश्चित गरिनेछ ।

- प्रत्येक वडामा नियमित खोप संचालन कार्यलाई व्यवस्थित गर्न खोप केन्द्रहरुलाई व्यवस्थापन गर्दै लगिनेछ ।
- मातृ तथा नवजात शिशुको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य चौकीहरुको भौतिक संरचना निर्माण तथा मर्मत सम्भार स्तरोन्नती कार्य अगाडी बढाईनेछ ।
- आयुर्वेद चिकित्सा सेवा प्रणालीको व्यवस्थापन गर्दै निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर, स्वस्थ जीवन कार्यक्रम सञ्चालन गरिनेछ ।
- बहुक्षेत्रिय पोषण योजनालाई शसक्त रुपमा कार्यन्वयन गरी पौस्टिक खाना खाने बानी बसाई कुपोषणलाई नियन्त्रण गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्थानिय तहमा स्वास्थ्य कार्यक्रम संचालनको लागि मार्गदर्शन आ.व. २०८०/०८१ का आयुर्वेद सेवा कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
- आयुर्वेद परिसरको पार्क स्थानमा धन्वनतरीको मूर्ती स्थापना गराईनेछ ।
- आयुर्वेद परिसरमा गाडी पार्किङ्ग स्थलको निर्माण गराईनेछ ।
- "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" अन्तर्गत लक्ष्य हासिल गर्न सर्ने रोगबाट बच्ने तरिका र नसर्ने रोग न्युनिकरणका लागि नागरिक आरोग्य कार्यक्रममा जनताहरुको पहुच सहज पुर्याइनेछ ।
- आयुर्वेद औषधालय संचालित रहेकोमा १५ शैयायुक्त आयुर्वेदिक अस्पतालमा स्तरोन्नतिको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
- गाउँपालिकाको ८ वटै वडाहरुमा नागरिक आरोग्य समितिको विस्तार र कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय स्तरमा उपलब्ध जडिबुटीहरु संकलन तथा औषधी निर्माणका कामलाई निरन्तरता दिईनेछ ।
- जेष्ठनागरिकलाई स्वास्थ्य प्रवर्द्धन कार्यक्रम, स्तनपायी आमालाई दुग्धवर्द्धक औषधी वितरण कार्यक्रम, पञ्चकर्म सेवा, नागरिक स्वास्थ्य आरोग्य कार्यक्रममा बजेटको व्यवस्था गरिनेछ।
- आयुर्वेद औषधालयमा कार्यरत कर्मचारीहरुलाई आवश्यकता अनुसारको क्षमता अभिबृद्धि तालिमको व्यवस्था गराइनेछ ।
- प्रत्येक वडाहरुमा एक परिवार ५ जडिबुटी रोपन र कम्तिमा ५ योगका प्रशिक्षण कार्यक्रमहरु संचालन गराइनेछ ।
- आयुर्वेद भवन परिसरमा जडिबुटीका बिरुवा समेतका उधान (पार्क) निर्माण गराइनेछ ।
- आयुर्वेद र अस्पताल विचको जग्गामा खुल्ला व्ययामशाला र योग प्रशिक्षण भवन निर्माण गर्नको लागि पहल गरिनेछ ।

## २.३ खानेपानी तथा सरसफाई तर्फः-

- प्रत्येक वडामा खानेपानीको लागि आवश्यकता अनुसार डिप बोरिङ्गको व्यवस्था मिलाईनेछ ।

- पालिका भरी सार्वजनिक स्थानमा सौचालयको व्यवस्था मिलाईनेछ ।
- गुणस्तरीय खानेपानीको लागि "एक घर एक धारा" को नारा सहित प्रत्येक वडामा एउटा पानी टयाङ्की निर्माणको लागि पहल गरिनेछ ।
- ढल, नाला, तथा ल्याण्ड फिल्ड साईट व्यवस्थापन क्षेत्र वृद्धिका लागी आवश्यक पहल गरिनेछ ।
- यस गाउँपालिका भित्रका दलित, विपन्न र अति पिछडिएको परिवारलाई लक्षित गरि सौचालय नहुने टोल/बस्तीमा सार्वजनिक सौचालय निर्माण गरिनेछ । साथै खानेपानीको लागि हैण्ड पम्प समेतको व्यवस्था गरिनेछ ।
- खानेपानी, सरसफाई तथा स्वच्छता क्षेत्रको रणनितिक योजना तयार गरीनेछ ।
- यस आदर्श कोतवाल गाउँपालिकामा घरायसी तथा समुदाय स्तरबाट उत्सर्जन भएका फोहोरको व्यवस्थापनको लागि विशेष पहल गरिनेछ ।
- गाउँपालिका तथा वडा स्तरीय खानेपानी, सरसफाई र स्वच्छता समन्वय समितिको क्षमता अभिवृद्धि तथा सरसफाईको लागि मानिसहरुको बानी व्यवहोरामा आमुल परिवर्तन गर्न गाउँपालिका भरी नै सरसफाई सम्बन्धी जनचेतना मुलक तथा सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- फोहोरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ बमोजिमका कार्यनितिलाई अनुसरण गर्दै फोहोरमैला व्यवस्थापनको प्रभावकारी कार्यान्वयन गरी फोहोरमैला व्यवस्थापनमा जनचेतना अभिवृद्धि गर्दै **"सफा सुन्दर अपन आदर्श कोतवाल"** को रुपमा विकास गरिनेछ । साथै यस गाउँपालिकाको बाल कल्बहरु, टोल विकास संस्थाहरु, आमा समुहहरु लगायत सम्पूर्ण सहयोगी सुभेच्छकहरुको सहयोगमा सफा र सुन्दर गाउँपालिका बनाउने कार्यमा विशेष जोड दिईनेछ ।
- गाउँपालिका क्षेत्र भरी सरसफाई अभियान संचालन गरिनेछ ।

## २.४ खेलकूद तर्फः-

- यस गाउँपालिकाको वडा नं. १ मा रहेको खेल मैदानमा थप पुर्वाधार निर्माण गर्न कार्य अगाडी बढाइनेछ ।
- गाउँपालिका स्तरीय वार्षिक खेलकुद महोत्सवको आयोजना गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत रहेका युवाहरुलाई सकारात्मक सोच र सुनौलो भविष्यको भावना जागृत गराउन **Career Counseling Program** तथा खेदकुदको विभिन्न **Package Competition** हरु संचालन गराईनेछ ।
- गाउँपालिका स्तरमा खेलकुदको विकास विस्तार गरी नियमित खेलकुद आयोजना गर्न खेलकुदको विषयगत क्लबहरु स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

## २.५ समावेशीकरण, गरिबी निवारण तथा कला संस्कृति तर्फः

- गरिबी निवारणको लागि पालिका भित्रका गरिब, विपन्न र दलित पुरुष र महिलालाई स्वःरोजगार बनाउन विभिन्न आयमुलक सीप सिखाउन बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका विपन्न मजदुरलाई टेवा पुग्ने गरी सो का अभिलेख राख्न लगाई उनीहरुलाई आधारभूत शिक्षा र अत्यावश्यक स्वास्थ्य सेवाको सुनिश्चितता गरिनेछ ।
- बाल सुरक्षा केन्द्र, महिला सुरक्षा केन्द्र र जेष्ठ नागरिकको सेवा केन्द्र स्थापनाको लागी आवश्यक पहल गरिनेछ ।
- युवालाई तालिम दिन उधमशिलता विकास कोष स्थापना गरी साझेदारीहरु समेतको सहभागितामा उधम विकास कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिकालाई बालमैत्री र पूर्ण घटना दर्ता गाउँपालिका घोषणा गर्न कार्यक्रम संचालन गरिनेछ ।
- दाहसंस्कार गर्नको लागि हरेक वडाका असमसानघाटमा सेड निर्माण गरिनेछ ।

## ३. <u>पूर्वाधार विकास तर्फका नीति तथा कार्यक्रमहरु</u>ः-

### ३.१ सडक तथा पुल तर्फः-

- चालु आ.व.मा संचालन भई निर्माण हुन नसकेका आयोजनाहरुलाई आगामी आ.व.मा निरन्तरता दिइनेछ ।
- सडकलाई स्तरीय तरिकाले संचालन गर्नको लागि स्तरोन्ती अनिवार्य रुपमा छिटो गरिनेछ, गा.पा. भित्रका "क" वर्गको हुलाकी राजमार्गसँग हुने प्रमुख सडकहरु ३०-२५ फिट "ख" वर्गको सडकहरु २५-२० फीट र "ग" वर्गको गाउँको सडकहरु १५-२० फीट र पुराना बस्तीहरुको साँधुरो सडकहरुला२ समेत कम्तीमा १३ फीट वा सो भन्दा बढी भएका सडकलाई नक्सा अनुसार सडक चौडा गरी मात्र सडक मर्मत स्वीकृत योजनाहरु संचालन गरिनेछ ।
- सडक बनाउँदा सडकको दाँया/बाँया पानी निकास हुने खालको संरचनाको निर्माण गरिनेछ।

### ३.२ भवन तथा सहरी विकास तर्फः-

- स्थानीय तहको विकास निर्माणको लागि प्रयोग हुने सबै वस्तु तथा सेवाको दररेट कायम गरी लागु गरिनेछ ।
- कानुन बनाइ यस गा.पा. भित्र घर बनाउँदा नक्सा अनिवार्य रुपमा पास गराउने प्रावधान राखिनेछ ।
- यस गा.पा. अन्तर्गतको सम्पूर्ण सरकारी भवनको लगत तयार गरी अद्यावधिक गरिनुको साथै मापदण्ड तयार गरी संरक्षण तथा मर्मतको व्यवस्था मिलाईनेछ ।
- यस गाउँपालिका अन्तर्गत दलित तथा विपन्न वर्गको लागि शहरी विकास मन्त्रालयसँग आवश्यक समन्वय गरी आवासको व्यवस्था मिलाउन पहल गरिनेछ ।

- विकास निर्माणका कार्यहरु गुणस्तरीय सामाग्रीहरु प्रयोग भए नभएका भवन आचार सहिता पालना भए नभएका विकासको कार्य गर्दा वातावरणीय अध्ययन भए नभएको चुस्त र दुरुस्त तरिकाले अनुगमन गरी पर्यावरणिय तथा वातावरणीय मैत्री विकासमा जोड दिइनेछ ।
- यस गाउँपालिकामा **एक टोल एक सामुदायिक भवन**को निर्माण गर्नुको साथै अन्य आवश्यकीय सार्वजनिक भवनको निर्माण कार्यलाई प्राथमिकिकरण गरी प्रकृया अगाडी बढाईनेछ ।

### ३.३ विधुत तथा वैकल्पिक उर्जा तर्फः-

- पालिका भित्र विद्युतिय चुलो तथा ग्यासको प्रयोगलाई प्रोत्साहन गरी धुवामुक्त पालिका बनाउन पहल गरिनेछ ।
- यस गाउँपालिकाको विद्युत प्रवाहमा ट्रान्सफर्मर बिग्रिदा यसबाट आम जनतामा पर्ने असुविधा हटाउन गाउँपालिकाको तर्फबाट ट्रान्सफर्मर खरिद गरी जगेडाको रुपमा राखिनेछ ।
- यस गाउँपालिकाको बजार क्षेत्र तथा भीडभाँड हुने मुख्य सडक क्षेत्रमा आवश्यक टावर लाईट जडान गरिनेछ ।

## ४. वातावरण तथा विपद व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रमहरुः-

### ४.१ वन, वातावरण तथा जलवायु परिवर्तन तर्फः-

- **"ग्रिन गाउँपालिका, क्लिन गाउँपालिका"** अवधारणा अनुरुप मुख्य सडक तथा सहायक सडकको दाँया बाँया छेउमा वृक्षारोपण कार्यक्रम संचालन गरी हरित सडकको रुपमा विकास गरिनेछ र विरुवाको संरक्षण तथा रेखदेख गर्ने व्यवस्था समेत मिलाईनेछ ।
- यस गाउँपालिका अन्तर्गतको सम्पुर्ण विकासलाई वातावरण मैत्री पुर्वाधार निर्माणको रुपमा अघि बढाइनेछ ।
- जल तथा भूमिको संरक्षणको साथै भुमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुऱ्याउनको लागि जलाधार क्षेत्रको एकीकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

### ४.२ विपद व्यवस्थापन तथा भू-संरक्षण तर्फः-

- यस गाउँपालिकाका विपद व्यवस्थापन कोषको रकम व्यवस्थापन गरि आवश्यकीय क्षेत्रमा मापदण्ड तयार गरी विपद व्यवस्थापन कार्य संचालन गरिनेछ ।
- यस गाउँपालिकाको क्षेत्रमा विपद जन्य (डुबान, कटान तथा भु-क्षय) कार्यको नियन्त्रणको लागि विपद पूर्व, विपदको समय र विपद पश्चातको कार्यको रणनितिक योजना तयार गरिनेछ ।

- यस गाउँपालिकाको संरचनागत विकासको लागी विपद पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्युनीकरण सम्बन्धी कार्ययोजना बनाइ कार्यान्वयनमा ल्याइनेछ ।
- यस आदर्श कोतवाल गाउँपालिका अन्तर्गत विपद जोखिम क्षेत्रको नक्साङकन तथा बस्तीहरुको परिचालन र व्यवस्थापन गरिनेछ । साथै विपदमा परेकाको खोज तथा उद्धारको लागि आवश्यक सामाग्रीको पुर्ण भण्डारण वितरण र समन्वय गरिनेछ ।

## ५. संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धि नीति तथा कार्यक्रमहरुः-

- पालिकाको प्रत्येक चौक तथा टोलहरुमा **Free WiFi** को व्यवस्था मिलाईनेछ ।
- जनप्रतिनिधी तथा कर्मचारीहरुको लागि सूचना प्रविधि सँग सम्बन्धित विभिन्न अभिमुखिकरण कार्यक्रमहरुको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भरिका तथ्याङ्कहरुलाई डिजिटल रुपमा हेर्न सकिने गरि गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण गरिनेछ ।
- यस गाउँपालिकालाई डिजिटल पालिकामा रुपान्तरण गर्नको लागि गाउँपालिका कार्यालय तथा सबै वडा कार्यालयहरुमा डिजिटल डिस्पले जडान गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालयहरुमा सि.सि.टि.भि. क्यामरा जडान गरिनेछ ।
- गाउँपालिकाको क्रियाकलापहरुलाई पारदर्शी बनाउन तथा सूचनाको हकलाई अनुभुती दिलाउन सूचनाको हक र जिम्मेवारी सम्बन्धी अभिमुखिकरण कार्यक्रम गराइनेछ ।
- गा.पा. तथा वडा कर्मचारीहरुको क्षमता विकास गर्नको लागि आधारभुत कम्प्यूटर तालिम प्रदान गरिनेछ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई साइबर क्राइम सम्बन्धी अन्तरक्रिया कार्यक्रमको व्यवस्था मिलाईनेछ ।
- गाउँपालिका र अन्तर्गतका वडाहरुमा विषयगत शाखाहरुको लागि आवश्यक फर्निचर तथा मेसिनरी सामान खरिद गरिनेछ ।
- कर्मचारी तथा पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्न विशेष तालिमको व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन संस्थागत क्षमता विकास गरिनेछ एवम संस्थागत पुर्वाधार विकासमा जोड दिइनेछ ।
- यस गाउँपालिकामा नागरिक सहायता कक्षको स्थापना तथा डिजिटल नागरिक वडापत्र र सुझाव पेटिका अनिवार्य रुपमा राख्नुपर्ने व्यवस्था मिलाइनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन सेवाको मापदण्ड निर्धारण गरिनेछ साथै सेवा प्रवाहमा विद्युतीय माध्यमबाट हुने सुचना प्रविधिको प्रयोगमा जोड दिइनेछ । यसको लागि डिजिटल नागरिक वडापत्र जडान गरिनेछ ।

- एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली सुरुवात गरिनेछ । पारिवारिक विवरण स्थापना गरि सफ्टवेयर मार्फत वडाहरु बाटै तथ्याङ्क अद्यावधिक हुने व्यवस्था हुने व्यवस्था सुरु गरिनेछ।
- आदर्श कोतवाल गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८१ मा भएको दरबन्दी अनुसार नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय, परामर्श र साझेदारी गरि सोही अनुरुप पदपुर्ती, समायोजन, सरुवा, बढुवा तथा वृति विकास प्रणाली व्यवस्थीत गरिनेछ ।
- गाउँपालिकाबाट संचालित योजनाहरुको नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।
- गाउँपालिकाको सबै सुचनाहरु वेवसाइट, मोवाइल एप्लिकेसन सामाजिक संजाल पेज, रेडियो तथा पत्रपत्रिकामा निरन्तर प्रकाशन तथा प्रसारण गरिने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकामा हुने भौतिक पुर्वाधार विकासलाई सही दिशामा अगाडी बढाउन र स्पष्ट दिशानिर्देश सहितको विकास कार्यलाई योजनावद्ध खाँकामा आवद्ध गर्न पञ्चवर्षीय गुरुयोजना निर्माण गरिनेछ ।

## ६. वित्तिय व्यवस्थापन तथा सुशासन सम्बन्धि नीति तथा कार्यक्रमहरुः-

- विगतमा गाउँपालिकाले प्रक्षेपण गरे अनुसारको राजस्व उठाउन नसकेको सन्दर्भमा राजस्व सम्बन्धमा विस्तृत अध्ययन गरी करको दरमा न्यूनीकरण गरी दायारालाई फराकिलो बनाईनेछ ।
- यस गाउँपालिका अन्तर्गतको पुरानो तथा नयाँ व्यवसायहरुलाई अनिवार्य दर्ता प्रकृयामा समावेश गर्ने र सो को लागि सहजिकरण गर्न घुम्ती सेवा संचालनमा ल्याईनेछ ।
- गाउँपालिकामा करको दायारामा आउन नसकेका र ल्याउन नसकिएका व्यवसायी तथा गाउँपालिका वासीहरुको पहिचान गरी दायारामा ल्याउन प्रयत्न गरिनेछ । साथै व्यवसाय दर्ता प्रकृयालाई व्यवस्थित गरी गाउँपालिकाको आन्तरिक श्रोत सबल बनाइनेछ ।
- यस निति तथा कार्यक्रममा स्थानीय गैर सरकारी संस्था तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुलाई आमन्त्रण गरी साझेदारीको लागि अपिल गरिनेछ ।
- गाउँपालिकाको आम्दानी र खर्च त्रैमासिक रुपमा सार्वजनिक गरिनेछ ।
- सार्वजनिक वित्तिय जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्नका लगि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरिनेछ ।
- यस गाउँपालिकामा हुने सबै आर्थिक तथा वित्तिय कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा आन्तरिक लेखापरीक्षण कार्यलाई नियमित बनाइनेछ । यसका लागि आन्तरिक लेखापरीक्षण शाखा व्यवस्थापन सम्बन्धि सबै कार्य गरिनेछ ।
- आर्थिक पारदर्शिताको निति अबलम्वन गरिनेछ । यसका लागि सामाजिक लेखापरिक्षण र सार्वजनिक सुनुवाईलाई अनिवार्य र प्रभावकारी बनाई कार्यान्वयन गरिनेछ ।

- कर मुल्याङ्कन प्रक्रियालाई पारदर्शित बनाउने, अभिलेखिकरणलाई व्यवस्थित गरिनेछ । साथै सूचना अधिकारीको मार्फत सूचना प्रवाहिकरणलाई सहजीकरण गरिनेछ ।
- कर सचेतना सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- उत्कृष्ट कर तिर्ने करदातालाई सम्मान तथा पुरस्कार गर्ने निति अवलम्बन गरिनेछ । यस क्रममा बार्षिक रु. एक लाख भन्दा बढी कर तिर्ने करदाताहरुको अभिलेख राखी निजहरुलाई विशेष रुपमा पुरस्कृत र सम्मान गर्ने व्यवस्था सुरु गरिनेछ ।
- गाउँपालिकाको विकास निर्माण लगायत कार्य संचालन गर्दा बेरुजुको आयतन बढन नदिई आयोजनाको कामको आधारमा भुक्तानी दिने कार्यलाई अगाडी बढाइनेछ । साथै बेरुजु फर्छ्यौटलाई मुख्य प्राथमिकतामा राखिनेछ ।
- अनावश्यक खर्च नियन्त्रण गरिनेछ । खर्चलाई नतिजासँग आवद्ध गर्ने प्रणालीलाई संस्थागत गरिनेछ ।
- गत आ.ब. हरुको बेरुजु तथा पेश्की फर्छ्यौटलाई अभियानकै रुपमा अगाडी बढाइनेछ । शुन्य पेश्कीको आधारमा गाउँपालिकाबाट प्रदान गरिने सबै सेवाहरुलाई कर प्रणालीमा आवद्ध गर्दै लगिनेछ ।
- गाउँपालिका मार्फत हुने सेवा प्रवाहलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन तथा शान्तिसुरक्षा व्यवस्थापन गर्न गाउँ प्रहरीको व्यवस्था गरिनेछ ।

## ७. महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा आपाङ्ग सम्बन्धि नीति तथा कार्यक्रमहरुः-

- आपाङ्गता भएका बालबालिकाहरुलाई विभिन्न सीपमुलक तालिमको व्यवस्था मिलाइनेछ ।
- बाल बिवाहलाई निरुत्साहित गरिनेछ ।
- आपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिनेछ ।
- आपाङ बालबालिकाको लागी गा.पा. मा Help Desk को व्यवस्था गरिनेछ ।
- आपाङ मैत्री गाउँपालिका स्तरिय शौचालयको व्यवस्था मिलाइनेछ ।
- आपाङता भएको बालबालिकाहरुका लागी निशुल्क स्वास्थ्य शिविरको व्यवस्था मिलाइनेछ।
- अपाङ्ग स्थानीय समन्वय समितिको बैठक संचालन खर्चको व्यवस्था मिलाइनेछ ।
- यस गाउँपालिका भित्र रहेका सम्पुर्ण महिलाहरुको हक हितको संरक्षण गरिनेछ ।
- बाल विवाह निर्मुलीकरणको लागि आवश्यक नितिगत व्यवस्था गरिनेछ र दाईजो प्रथा उन्मुलन गर्न आवश्यक सचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।
- गरिव दलित महिलाहरुलाइ आय-मुलक रोजगारीको व्यवस्था मिलाइनेछ । साथै बेरोजगार महिलाहरुलाई आत्मनिर्भर बनाउन सिपमुलक तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- महिलाको स्वास्थ्य परीक्षण गराउन निःशुल्क स्वास्थ्य शिविरको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिद्वारा सरल सुलभ तरिकाबाट न्याय प्रदान गरिनेछ । **"निमुखालाई न्याय, विपन्नलाई आय"** सिद्धान्तमा आधारित भई गाउँपालिकाको बेरोजगार जनशक्तिको उचित व्यवस्थापनको लागि रोजगारको सिर्जना र समतामुलक न्यायको अभ्यास गराईनेछ ।

- सबै वडामा मेलमिलाप केन्द्रको स्थापना गरिनेछ ।
- न्यायिक समितिका सदस्यहरुको क्षमता विकासका लागि तालिम संचालन गराईनेछ ।
- न्यायिक समितिबाट सम्पादन हुने कार्यहरुलाई प्रभावकारी बनाउन न्यायिक समितिको कार्यालय, मेलमिलाप केन्द्रलाई सुदृढिकरण र व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

## ८. समाजिक सुरक्षा तर्फका नीति तथा कार्यक्रमहरुः-

- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ । साथै यस गाउँपालिकामा कार्यरत एम.आई.एस अपरेटर तथा फिल्ड सहायकका लागि एक चौमासिक बराबरको पारिश्रमिक यस कार्यालयबाट उपलब्ध गराईनेछ ।
- एकीकृत समाजिक सुरक्षा रणनिति निर्माण गरिनेछ ।
- समाजिक सुरक्षाको पहुँच, प्रभावकारिता र सुधारका लागी थप कार्यहरु संचालन गरिनेछ ।